# सामुदायिक विद्यालयमा सवारी साधन/ बस खरिद तर्फको सम्झौताः

**आर्थिक वर्ष २०७९/०८०**

कार्यक्रमः–

अनुदानको व.उ.शि.नं. खर्च शिर्षक नं

आयोजनाको नामः

विद्यालयको नामः

ठेगानाः पालिका वडा नं. जिल्ला

बैंङ्कको नाम र खाता नं.

प्र.अ./अध्यक्षको सम्पर्क नं.

ईमेल ठेगानाः

यस कार्यालयको अनुदान रकम रु.

विद्यालय/पालिका तर्फको कम्तिमा (१०%) रकम रु.

आयोजनाको कुल लागत अनुमान रु.

आयोजना शुरु हुने मितिः

आयोजना सम्पन्न गर्नु पर्ने मितिः

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय

**गजेहडा, कपिलवस्तु**

## सम्झौता भएको मितिः २०७९/ / गते

## सामुदायिक विद्यालयमा विद्यार्थी सवारी साधन/बस खरिद तर्फको सम्झौताः

यस डिभिजन कार्यालयलाई चालु आर्थिक वर्षमा प्राप्त स्वीकृत कार्यक्रम अन्तर्गत श्री .................................................................................................... ....विद्यालयमा सवारी साधन/बस खरिदका लागि स्वीकृत रकम रु. २५,००,०००।- (पच्चिस लाख मात्र) बाट श्री.................................................................. विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित तोकिएको लागत अनुमान अनुसार सवारी साधन (बस) खरिद डिभिजन कार्यालय ,गजेहडा ,कपिलवस्तुबाट उपलब्ध हुने रकम रु. २५,००,०००।- (पच्चिस लाख मात्र) र विद्यालय/पालिकाको तर्फबाट साझेदारी गर्ने कम्तीमा रकम रु.......................................(अक्षरेपी ...................................मात्र)समेत गरी आयोजनाको कुल लागत अनुमान रु....................................(अक्षरुपीः ............................................................................................मात्र) को सम्पूर्ण शर्तहरु पालना गर्नेगरी सम्पन्न गर्न यस कार्यालय र श्री ....................................................................... विद्यालय .............बिच देहाय अनुसारका शर्तहरु रहने गरी आज मिति २०७९ साल.................महिनाको...............गतेका दिन यो सम्झौता पत्रमा हस्ताक्षर गरी दियौं/लियौं।

### १. पृष्ठभूमिः

यो सम्झौतामा उल्लेखित कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउनको लागि तयार गरिएको छ। उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने सन्दर्भमा नीति नियम तर्जुमा गर्नका लागि लुम्बिनी प्रदेशस्तरमा श्री शिक्षा तथा खेलकुद मन्त्रालयले भूमिका निर्वाह गर्नेछ भने सोको कार्यान्वयनका लागि श्री शिक्षा तथा सामाजिक विकास निर्देशनालय, राप्ति उपत्यका (देउखुरी) दाङ र यस कार्यालयको भूमिका प्रमुख रुपमा रहनेछ। कार्यक्रम लागु भएको विद्यालयले तोकिएको कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ। तोकिएको मितिमा काम सम्पन्न गर्ने कार्य तालिका तयार गरी सोही अनुसार काम गर्नु पर्नेछ। उक्त खरिद सम्बन्धी कार्यका लागि यस कार्यालयबाट प्राविधिक सहयोगका साथै कार्य प्रगति र प्रभावकारीताको मूल्याङ्कन गराईनेछ।

### २. कार्य सञ्चालन विधि /प्रक्रियाः

२.१ विद्यालयको उक्त खरिद कार्यको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मा सोही विद्यालय व्यवस्थापन समितिको हुनेछ। समितिले आवश्यकता महशुस गरेको अवस्थामा खरिद उप-समिति गठन गर्न सकिनेछ। यसरी खरिद उप-समिति गठन गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार अभिभावक लगाएत सबैको प्रतिनिधित्व हुने गरी आवश्यकता अनुसार एक छुट्टै खरिद उपसमिति गठन गर्न सकिनेछ।

२.२ सम्झौता सम्पन्न भए पश्चात सम्झौतामा उल्लेखित शर्तहरु र कार्य तालिका अनुसार विद्यालय व्यवस्थापन समितिले यस कार्यालयबाट तोकिएका कार्य सम्पादन गर्नु पर्नेछ।

२.३ सम्झौताको कार्य सम्पन्न भए पछि विद्यालयले तोकिएको काम सम्पन्न गरी सोको जानकारी यस कार्यालयलाई गराई लिखित रुपमा आवश्यक कागजात सहित रकम माग गरेपछि बैंङ्क खातामा रकम निकासा दिनेछ ।

२.४ विद्यालयले सवारी साधन/बस खरीद कार्यमा कुल अनुदान रकमको १०% ले हुने रकम सम्बन्धित पालिका वा विद्यालयले व्यहोर्नु पर्नेछ ।

## ३. निकासाको किस्ता, परिमाण र समयावधिः

३.१ आयोजना सम्पन्न गर्नका लागि योजनाको लागत अनुमान हेरि सामान्यतया बढिमा २ दुई किस्तामा रकम उपलब्ध
गराईनेछ। सानो आयोजनाको हकमा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भैसकेपछि एकमुष्ट निकासा दिन सकिनेछ।

३.२ यस आयोजनाको सम्झौता भए पश्चात पहिलो किस्ता वापत अनुदान रकमको ३० प्रतिशतले हुने रकम निकासा प्राप्त हुनेछ।

३.३ आयोजनाको सम्पूर्ण काम सम्पन्न भईसकेपछि अन्तिम विल भरपाईको आधारमा बाँकी रकम भुक्तानी हुनेछ। यसरी रकम भुक्तानी गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने सबै प्रकारका करहरु कट्टी गरेर मात्र भुक्तानी दिईनेछ ।

३.४ आयोजनाको सम्पूर्ण कार्य सम्झौतामा उल्लेख भएको मिति भित्र सम्पन्न गरिसक्नु पर्नेछ। तोकिएको मिति भित्र आयोजना सम्पन्न हुन नसकेमा काम सम्पन्न हुन नसकनुको स्पष्ट कारण खुलाई पेश गर्नुपर्ने छ। यदि कारण मनासिव नदेखेमा कार्यालयले म्याद थप गरी भुक्तानी दिन बाध्य हुने छैन ।

## ४. विद्यालय व्यवस्थापन समितिले पालना गर्नु पर्ने अन्य शर्तहरुः

४.१ आयोजनाको खरिद कार्य गर्दा विद्यालय र यसको प्रमुख जिम्मेवार अधिकारीले (प्र.अ. र वि.व्य.स. अध्यक्ष) अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियममावली २०६४, लुम्बिनी प्रदेशको आर्थिक ऐन तथा नियमावलीमा तोकिएबमोजिमको विधि, प्रक्रिया र प्रावधानहरु अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४.२ विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोहि प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ। त्यसो नभई तोकिए भन्दा अन्य प्रयोजनमा खर्च भएको पाईएमा, खर्च लेख्ने अधिकारीबाट उक्त रकम असुल उपरको लागी प्रक्रिया अगाडी बढाईनेछ।

४.३ कार्यालयबाट विद्यालय तथा विद्यालय व्यवस्थापन समितिले खरिद सम्बन्धमा निरन्तर परामर्श वा प्राविधिक राय सल्लाह लिनु पर्नेछ। विद्यालयले ....... सिट क्षमताको बस खरिद गरी विद्यालयको नाम लेखी विद्यालयमा दाखिला गरी फोटाहरु सहित सक्कलै आवश्यक बिल भर्पाई सहित सम्झौता भएको मिति भित्र अन्तिम भुक्तानी माग गर्नुपर्ने छ ।

४.४ विद्यालयले ........................सम्म अनिवार्य रुपमा गते भित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

## कवुलियतनामाः

विद्यालयको सवारी साधन/बस खरीद कार्यक्रम गर्न सामाजिक विकास डिभिजन कार्यालय, गजेहडा, कपिलवस्तुको अनुदान सहयोग प्राप्तिको लागि गरिने कवुलियतनामा देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको विवरण | संख्या | कार्यक्रमको अनुदान सहयोग रकम (रु.) | साझेदारीबाट व्यहोर्नु पर्ने रकम (रु.) | जम्मा ल.ई.रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |

..................................................................................
.................विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री ........................................र प्रधानाध्यापक श्री ..............................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भइ सम्बन्धित विद्यालयबाट उपलब्ध कार्ययोजना बमोजिम माथि उल्लेखित कार्यहरु सामाजिक विकास डिभिजन कार्यालयबाट उपलब्ध गराइएको आर्थिक अनुदान रकम रु ...............................(अक्षरुपी रु..........................................................................मात्र) प्राप्त गरी सम्पूर्ण शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्ने सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तु र विद्यालय व्यवस्थापन समिति बीच यो सम्झौता गरिदियौं ।

**सामाजिक विकास डिभिजन कार्यालय, गजेहडा कपिलवस्तुको तर्फबाट :**

कार्यालय प्रमुखः राम करन पाल

हस्ताक्षरः

इन्जिनियरः दिपेश घिमिरे

कार्यालयको छाप

**विद्यालयको तर्फबाट :**

अध्यक्षः

हस्ताक्षरः

प्र.अ.

हस्ताक्षरः

प्र.अ. को नं.

विद्यालयको छाप